नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं, नेपाल

## लागत सहभागितामा खाद्य गोदाम घर निर्माण सम्बन्धी प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति: २०७८/०९/३०)

यस मन्त्रालयबाट स्वीकृत "लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्ने सम्बन्धी मार्गदर्शन, २०७८" बमोजिम खाद्य उपजहरुको वजार सुनिश्चतताको लागि स्थानीय तहमार्फत लागत सहभागितामा नयाँ खाद्य गोदाम घर निर्माण गर्न ईच्छुक स्थानीय तहहरुको लागि आशय पत्र आह्वान गरिएको छ । यस कार्यक्रममा समावेश हुन चाहाने स्थानीय तहहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र तपसिल अनुसारको कागजात संलग्न गरी तोकिएको ढाँचा अनुसारको आवेदन फारम सहित प्रस्ताव पेश गर्न हुन अनुरोध छ ।

<u>तपसिल</u>

१. उक्त विषयसँग सम्बन्धित मार्गदर्शन २०७८ (मन्त्रालयको Website मा राखिएको) को अनुसुची १ अनुसारको आवेदन फाराम र प्रस्तावको ढाँचा अनुसार पेश गर्नुपर्नेछ।

२. अनुसूची -२ अनुसारको कागजातहरु पेश गर्नुपर्ने छ।

३. अनुसूची -३ अनुसारको छनौटका आधारहरुमा उल्लेखित कागजातहरु पेश गर्नुपर्ने छ।

४. अनुसूची -४ अनुसारको निर्माण गरिने खाद्य गोदाम घर मापदण्ड पुरा गरी इन्जिनियरिङ्ग डिजाइन, ड्रइङ्ग, अनुमानित लागत, गोदामको क्षमता प्रष्ट हुने गरि पेश गर्नुपर्नेछ। गोदामको क्षमता कम्तिमा १०० मेट्रिक टनको हुनुपर्नेछ।१०० मेट्रिक टन क्षमताको हकमा कम्तिमा २ (दुई) कठ्ठा जग्गा आवश्यक पर्नेछ ।र सो भन्दा बढी क्षमताको लागि सोही अनुपातमा जग्गाको क्षेत्रफल बढ्नेछ ।जग्गाको स्वामित्व सहकारी वा स्थानीय तहको नाममा हुनुपर्नेछ ।

५. गत आ.व. मा पेश भएको प्रस्तावकहरुको हकमा पुनः प्रस्ताव पेश गर्नुपर्नेछ।

**<u>आवेदन पेश गर्न सकिने स्थान:</u>**

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरवार ।

२. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना (PMAMP) अन्तर्गतका जिल्ला स्थित परियोजना कार्यान्वयन एकाईहरु।

३. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन ।